*अङ्क 15*

DeKalb County School District का परिवारलाई अभिवादन छ,

गएको सोमबार, मैले DeKalb County Board of Education (BOE) को बारेमा अद्यावधिक प्रदान गरेको थिए । यो छलफल नियमित शिक्षणमा फर्किने हाम्रो योजनामा हामी कहाँ छौं भन्ने विषयमा केन्द्रित थियो ।

बैठकमा, मैले BOE लाई DeKalb काउन्टी समुदायमा COVID-19 को संक्रमण हाम्रा कर्मचारी, शिक्षक तथा विद्यार्थीहरूलाई नियमित शिक्षणमा फर्कन आश्वस्त पार्ने गरी घटी सकेको छैन भनेर जानकारी गराए । डिस्ट्रिक्टले विगत केही महिनाहरू देखि तपाईंलाई यस विषयमा नियमित रूपमा जानकारी प्रदान गरिरहेको छ । विद्यालय सुचारू गर्ने योजनको अर्को चरणमा जाने हाम्रो महत्त्वपूर्ण मापदण्ड भनेको 14 दिनको औसत अवधिमा समुदायमा प्रत्येक 100,000 जना 100 भन्दा कम मानिसहरूमा संक्रमण पुष्टि भएको हुनु पर्नेछ । फेरि पनि, हामीले हाम्रा विद्यार्थी तथा कर्मचारीको सुरक्षा सुनिश्चित गर्ने आफ्नो योजनालाई छोडेका छैनौं ।

CDC ले जारी गरेको विद्यालयसम्बन्धी गतिशील निर्णय बनाउने सूचकहरूको इन्फोग्राफिक

| सूचकहरू | विद्यालयहरूमा संक्रमण फैलने सबैभन्दा न्यून जोखिम | विद्यालयहरूमा संक्रमण फैलने न्यून जोखिम | विद्यालयहरूमा संक्रमण फैलने मध्यम जोखिम | विद्यालयहरूमा संक्रमण फैलने उच्च जोखिम | विद्यालयहरूमा संक्रमण फैलने सबैभन्दा उच्च जोखिम |
|---|---|---|---|---|---|
| विगत 14 दिनको अवधिमा प्रत्येक 100,000 व्यक्तिहरूमा देखिएको संमक्रमणका नयाँ घटनाहरूको सङ्ख्या* | <5 | 5 देखि <20 | 20 देखि <50 | 50 देखि ≤ 200 | >200 |
| विगत 14 दिनको अवधिमा संक्रमण पुष्टि भएका RT-PCR जाँचको प्रतिशत** | <3% | 3% देखि <5% | 5% देखि <8% | 8% देखि ≤ 10% | >10% |
| नयाँ संक्रमणका घटनाहरू कम गर्ने 5 मुख्य रणनीतिहरू कार्यान्वयन गर्ने विद्यालयको क्षमता<br>• मास्कको नियमित र सही प्रयोग<br>• सम्भव भएसम्म सामाजिक दूरी कायम गर्ने<br>• हातको सरसफाइ र खोक्दा हाच्छिउँ गर्दा अपनाउनु पर्ने सावधानीहरू<br>• सरसफाइ र निसंक्रमण<br>• स्थानीय स्वास्थ्य विभागसँगको सहकार्यतामा कन्ट्याक्ट ट्रेसिङ | सबै 5 रणनीतिहरू सही र नियमित रूपमा कार्यान्वयन गरियो | सबै 5 रणनीतिहरू सही र अनियमित रूपमा कार्यान्वयन गरियो | 3-4 रणनीतिहरू सही र नियमित रूपमा कार्यान्वयन गरियो | 1-2 रणनीतिहरू सही र नियमित रूपमा कार्यान्वयन गरियो | कुनै पनि रणनीतिहरू कार्यान्वयन गरिएन |

*विगत 14 दिनको अवधिमा प्रत्येक 100,000 व्यक्तिहरूमा देखिएको संमक्रमणका नयाँ घटनाहरूको सङ्ख्या काउन्टी (वा समुदायको अन्य प्रकार) को विगत 14 दिनको संक्रमणका नयाँ घटनाहरूको सङ्ख्यामा काउन्टी (वा समुदायको अन्य प्रकार) को जनसङ्ख्याले भागा गरेर र 100,000 गुणा गरेर गणना गरिन्छ।

भर्खरै अद्यावधिक भएको यो नयाँ निर्देशिका पुनरावलोकन गर्न र महामारीका दौडान सुरक्षित साथ विद्यालयहरू सञ्चालन गर्ने सर्वोत्कृष्ट अभ्यासहरू स्थापित गर्न म DCSD को COVID-19 को चिकित्सा सल्लाहकार समितिलाई निरन्तर रूपमा भेट गर्नेछु। विद्यालयहरू पुन: सञ्चालन हुन पूर्व सरसफाइ र HVAC प्रणालीका लागि उपयुक्त नियमहरू कार्यान्वयन गरिन्छ भनेर सुनिश्चित गर्नका लागि हामी मर्मतसम्भार र भवन टोलीसँग सक्रिय रूपमा काम पनि गरिरहेका छौं।

COVID-19 को विद्यालय पुन: सञ्चालन गर्ने कार्यबलले DeKalb काउन्टी र Georgia को संक्रमणसम्बन्धी तथ्याङ्क अध्ययन गर्नका लागि दैनिक रूपमा दिउँसो 3:00 बजे पछि GDPH को वेबसाइट जाँच गर्छ। डिस्ट्रिक्टले आफै तथ्याङ्क गणना गर्दैन वा भन्नु पर्दा GDPH ले प्रदान गरेको तथ्याङ्कको बारेमा कुनै पनि कुरा अनुमान गर्दैन। तपाईं यो जानकारी पहुँच गर्न चाहनुहुन्छ भने, यी प्रक्रियाहरू पालना गर्नुहोस्:

1. वर्तमान जानकारी हेर्नका लागि दैनिक रूपमा दिउँसो 3:00 बजे पछि https://dph.georgia.gov/covid-19-daily-status-report भ्रमण गर्नुहोस्।
2. Georgia को नक्सा देखिने खण्डमा जानुहोस्।

3. दैनिक तथ्याङ्क हेर्न DeKalb काउन्टीमा होभर गर्नुहोस्।
4. तपाईं विगतको तथ्याङ्क हेर्न चाहनुहुन्छ भने तपाईंले पात्रोको ड्रप डाउन मेनु प्रयोग गरेर महिना र गते परिवर्तन गर्न सक्नुहुन्छ।

**समुदायको सहभागिता**

PTAs फल भर्चुअल बैठकको DeKalb काउन्सीलका साथै प्रधानाध्यापकको बैठकमा उपस्थिति जनाएका सबै व्यक्तिहरूलाई धन्यवाद छ। तपाईंको प्रतिक्रिया र पारदर्शिता अमूल्य हुन्छ र कर्मचारी र विद्यार्थीहरूलाई सुरक्षित राख्ने तरिकाहरूको बारेमा उपायहरू आदान-प्रदान गर्न हामी निरन्तर रूपमा भर्चुअल सहभागिताका थप कार्यक्रमहरू आयोजन गर्ने छौं। यसका अतिरिक्त, हाम्रो आयुक्त सुश्री Amanee Salahuddin र उहाँका Flat Rock Elementary का ग्रेड एकका विद्यार्थीहरूलाई हाम्रा विद्यार्थीहरू प्रति कडा मेहनत तथा प्रतिबद्धता देखाएकोमा विशेष धन्यवाद छ।

**अडिट गरेको वित्तीय प्रतिवेदन**

म डिस्ट्रिक्टले आर्थिक वर्ष 2018 र 2019 को अडिट गरेको वित्तीय प्रतिवेदन प्राप्त गर्यो भनेर जानकारी गराउन पाउँदा खुसी छु। प्रतिवेदनमा डिस्ट्रिक्टका आर्थिक क्रियाकलापहरूको सम्बन्धमा स्पष्ट, अपरिवर्तित राय प्रदान गरिएको थियो। डिस्ट्रिक्टको आर्थिक क्रियाकलापमा पारदर्शिता प्रदान गर्नका निम्ति निरन्तर रूपमा आन्तरिक अडिट र रिपोर्टिङ प्रक्रिया सुधार गर्ने कुरा मेरा लागि र BOE का लागि महत्त्वपूर्ण प्राथमिकता भित्र पर्छ।




अक्टोबर 9 र अक्टोबर 21 गते, ***अर्को शिक्षा पद्धतिमा फिर्ता हुने आशयको फाराम (Intent to Return Form)*** वितरण गरिएको थियो ताकी आमाबाबु/अभिभावकले आफ्ना प्रत्येक विद्यार्थीका लागि आफूले रुचाएको विकल्प चयन गर्न सकुन्। प्रतिक्रियाहरूले स्थानीय विद्यालयहरूलाई मिश्रित शिक्षा (hybrid learning) का दौडान कक्षाकोठाहरूमा सामाजिक दूरीका आवश्यकताहरू कायम गर्न विद्यार्थीहरूलाई साना समूहहरूमा विभाजन गर्न र तेस्रो चरण सुरु भएपछि घरबाट अनलाइन कक्षाहरू लिन चाहने विद्यार्थीहरूको बारेमा योजना बनाउन अनुमति दिनेछ। कृपया अर्को शिक्षा पद्धतिमा फिर्ता हुने आशयको फाराम (Intent to Return Form) पूरा गर्न तल प्रदान गरिएको लिङ्कमा क्लिक गर्नुहोस्। यो फाराम हाम्रा 15 वटा शीर्ष भाषामा पनि उपलब्ध छ।

लिङ्क: https://dekalb.co1.qualtrics.com/jfe/form/SV_cO7CQFP10BWfwuF

मलाई थाहा छ कि धेरै परिवारहरूले COVID-19 को प्रतिक्रिया र विद्यालय पुन: सञ्चालनका सम्बन्धमा अद्यावधिक जानकारी कहाँ पाइन्छ भनेर सोधि खोजी गर्नुभएको छ। कृपया हामीले अद्यावधिक प्रदान गर्ने विभिन्न माध्यमहरूको बारेमा जानकारी प्रदान गर्ने यी श्रोतहरू हेर्न नभुल्नुहोला। हामी अङ्ग्रेजी भाषा बाहेकको भाषा बोल्ने अभिभावकका लागि अनुवादनको विकल्प र हाम्रो स्कूल मेसेन्जर उपकरणमा रुचाएको भाषा छनौट गर्ने अवसर पनि प्रदान गर्छौं।

**बालबालिका लागि नयाँ विजेताहरू**

यो हप्ता हामीसँग जोडिएका हाम्रा टोलीका नयाँ सदस्यहरू (मुख्य कार्यकारी अधिकृत, मुख्य वित्तीय अधिकृत र समुदायको सशक्तीकरण, नवप्रवर्तन तथा साझेदारीका सुपरिन्टेन्डेन्ट) लाई स्वागत छ। उनीहरूलाई अक्टोबर 15, बिहिबारका दिन उनीहरूको टोलीमा औपचारिक रूपमा परिचित गराइएको थियो र हामी उनीहरूले हामीलाई माथिल्लो स्तरमा लैजानेछ भनेर उत्साहित छौं।

**हाम्रा विद्यार्थीहरू**

Au'Niyah हाल Miller Grove को पाक कला कार्यक्रमको हिस्सा हुन्। उनलाई उनका प्रशिक्षक र Hospitality Education Foundation of Georgia (HEFG) ले DeKalb काउन्टीको आर्थिक सहयोग सङ्कलन गर्ने भोजन कार्यक्रममा सहभागी हुनका लागि चयन गरेका थिए। DCSD लाई राम्रोसँग प्रतिनिधित्व गरेकोमा र  पाक कला कार्यक्रममा उत्कृष्ट प्रदर्शन गरेकोमा Au'Niyah लाई धन्यवाद छ। बधाई छ!

मे के कुरा पनि उल्लेख गर्न चाहन्छु भने ग्रेड 10 र 11 का हाम्रा विद्यार्थीहरूले अक्टोबर 14 का दिन PSAT/NMSQT लिने अवसर प्राप्त गरेका थिए। सफलतापूर्वक जाँच सञ्चालन गरेकोमा म सहभागी भएका सबै विद्यार्थी, विद्यालयका नेतृत्वकर्ता, र जाँचका परीक्षकलाई विशेष धन्यवाद दिन चाहन्छु। दर्ता भएका सबै विद्यार्थीहरूलाई यातायात सेवा प्रदान गरेकोमा र विद्यार्थीहरूलाई प्रत्येक विद्यालयमा सुरक्षित साथ लाने ल्याउने गरेकोमा हामी यातायात विभागलाई पनि धन्यवाद दिन चाहन्छु। दोस्रो PSAT/NMSQT को परीक्षा नाम दर्ता गरेका विद्यार्थीहरूका लागि अक्टोबर 29 मा सञ्चालन गरिनेछ। हामी दोस्रो PSAT/NMSQT को परीक्षा सुरक्षित तथा सफलतापूर्वक सञ्चालन होओस् भनेर अपेक्षा गर्छौं।

हामी विकसित भइरहेको यो शैक्षिक वर्षमा अभ्यस्त भइरहेका छौं। यस क्रममा, निरन्तर रूपमा धैर्यता र अनुग्रह देखाउनु भएकोमा म तपाईंहरू प्रति साँच्चिकै आभारी छु। सधा झैँ, म विद्यार्थीको सुरक्षा तथा शैक्षिक उत्कृष्टता प्रति पूर्ण रूपमा प्रतिबद्ध छु।

तपाईंको #1 प्रशंसक,

Cheryl Watson-Harris